**नगर कार्यपालिका बैठक** **मितिः २०८०।४।७ गते आईतवार**

**प्रस्तावनाहरुः**

१. फोहोरमैला व्यवस्थापनका लागि सम्झौता गर्ने सम्बन्धमा ।

२. फोहोरमैला व्यवस्थापन कार्य प्राथमिकीकरण सम्बन्धमा ।

३. विविध सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं.१.** प्रस्ताव नं. १ माथि छलफल गर्दा इनरुवा नगरपालिका क्षेत्रको फोहोर व्यवस्थापन गर्न इनरुवा नगरपालिका कार्यालय, ८ नं. वडा कार्यालय र ८ नं. वडा वडाका स्थानीयबासी बीच इनरुवा नगरपालिका वडा नं. ८ मा रहेको फोहोरमैला व्यवस्थापन केन्द्रलाई व्यवस्थित गरी संचालन गर्नको लागि तपसिलको शर्तहरू राखी सम्झौता गर्ने ।

शर्तहरुः

१. फोहोरमैला व्यवस्थापन केन्द्रलाई (Dumping site) व्यवस्थित गर्न वडाको सिफारिसमा घेराबेरा गर्ने (कम्तिमा ७ फिट अग्लो कम्पाउण्ड वाल लगाउने), बत्ती, शौचालय र खानेपानीको व्यवस्थापन नगरपालिकाले गर्ने ।

२. फोहोरमैला व्यवस्थापन केन्द्रमा आउने फोहोरलाई सड्ने र नसड्ने फोहोर छुट्याउने, कुहिने फोहोरलाई मल बनाउने र नकुहिने फोहोरलाई अन्यत्र व्यवस्थापन गर्न र उक्त डम्पिङ्ग साइटको रेखदेख गर्न कुचिकार सरहको सेवा सुविधा उपलब्ध गराउने गरी तत्काललाई ३ जना स्थानीय व्यक्तिलाई रोजगारी दिने ।

३. समय समयमा गन्ध नआउने औषधी, झिंगा, मच्छर मार्ने औषधी नगरपालिकाले हाल्ने ।

४. फोहोर व्यवस्थापन केन्द्र छेउछाउका सबै घर परिवारको प्रत्येक वर्ष स्वास्थ्य बीमा वडाको सिफारिसको आधारमा नगरपालिकाले गर्ने ।

५. फोहोर व्यवस्थापन केन्द्र छेउछाउका बालबालिकाहरुको पठनपाठनमा वडाको सिफारिसको आधारमा नगरपालिकाले आवश्यक सहयोग गर्ने ।

६. वडा कार्यालयले फोहोर व्यवस्थापन कार्यमा सहकार्य तथा समन्वय गर्ने ।

७. अस्पताल तथा क्लिनिक निस्कने फोहोर ट्रिटमेन्ट गरेर मात्र व्यवस्थापन गर्ने ।

८. फोहोरलाई स्रोतमै वर्गीकरण गर्ने कार्यको सुरुवात गर्ने ।

९. फोहोरमैला व्यवस्थापनको दिर्घकालिन समाधानको लागि सम्भावित स्थानको पहिचान गरी **IEE, EIA** लगायतको कार्य गर्ने ।

१०. स्थानीयबासीहरुले फोहोर व्यवस्थापनमा रोकटोक र बाधा विरोध गर्ने कार्य नगर्ने ।

११. आगामी आ.व. २०८१/०८२ देखि स्थानीय भौतिक पूर्वाधार विकासको लागि कम्तिमा पच्चिस लाख थप बजेट विनियोजन गर्ने । फोहोरमैला व्यवस्थापन केन्द्रको भौतिक पूर्वाधार निर्माण सम्पन्न भए पश्चात वार्षिक थप पच्चिस लाख विनियोजन गर्ने ।

**निर्णय नं.२.** प्रस्ताव नं. २ माथि छलफल गर्दा तत्कालै प्रभावकारी रूपले इनरुवा नगरपालिकाको फोहोरमैला व्यवस्थापन देहायको कार्ययोजनाको प्राथमिकता अनुसार कामको शुरुवात गर्ने ।

देहायः

१. डम्पिङ साइटमा हाल रहेको डम्पलाई मेशिन प्रयोग गरी बाँध निर्माण तथा फोहोरमैला व्यवस्थापन केन्द्रको व्यवस्थापनको तयारी गर्ने

२. कम्पाउण्ड वाल निर्माणको काम यथाशिघ्र शुरु गर्ने

३. तत्काल राखिने फोहोरमैला व्यवस्थापनका लागि सेग्रिगेशनको कामको शुरुवात गर्ने

**निर्णय नं.३.** प्रस्ताव नं. ३ विविध विषय माथि छलफल गर्दा फोहोरमैला व्यवस्थापनको सन्दर्भमा तत्काल आवश्यक निर्णय गर्नु परे नगर प्रमुखज्यू र ८ नं. वडा अध्यक्षज्यूले गर्ने ।